**महिला फोरम, गैरआवासीय नेपाली संघ ।**
**पहिलो चौमासिक प्रतिवेदन**
**(जनवरी - मार्च, २०१४)**

गैरआवासीय नेपाली संघ, महिला फोरमले प्रतिवेदनमा यस अवधिमा भएका क्रियाकलापहरु बारे देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. **१०४औं अन्तर्राष्ट्रिय नारी दिवस :**

यस वर्षको अन्तर्राष्ट्रिय नारी दिवस "परिवर्तनको लागि प्रेरणा" भन्ने नाराका साथ विश्वभरी रहेका एनसिसिहरुमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाईयो । विभिन्न एनसिसिहरु जस्तै अष्ट्रेलिया, युके, हङकङ, बेल्जियम, रसीया, स्वीटजरल्याण्ड, लेबनान र कयानाडामा यस अवसरमा बृहत भेलाहरुको आयोजना पनि गरिएको थियो (विस्तृत जानकारीको लागि गैरआवासीय नेपली संघको (http://www.nrn.org.np/women_celebration.php) वेभसाईटको लिंक हेर्नु होला) ।

यसै अवसरमा गैरआवासीय नेपाली संघ महिला फोरमा र नारीनिकुञ्ज मस्कोको सहयोगमा सप्तरी जिल्लाको बोधेबरसाईन गाविसमा महिलाको पाठेघर सम्मस्या सम्बन्धि छनौट स्वास्थय शिविर कार्यक्रम सम्पन्न भएको थियो । यस छनौट शिविर कार्यक्रममा २१० जना महिला विरामीहरुको परिक्षण गरिएको र जसमध्ये २७ जाना महिलाहरुलाई अप्रेशनको लागि चयन गरिएको थियो ।

यसै दिवसको अवसरमा "पौवा" नामक पारम्परिक नेपली चित्र कलाको प्रबर्द्धनको लागि हङकङमा डा. रेणुका गुरुङलाई आमन्त्रण गरिएको थियो । यसैगरी लेबनानमा महिला हिंसा बिरुद्ध एक र्‍यालीको आयोजना गरिएको थियो । त्यस्तै नेदरल्याण्डमा, नेपालको प्रबर्दनको लागि र्‍याली कार्यक्रम आयोजना गरिनुका साथै महिला फोरमको विधिवत गठन गरिएको थियो ।

२. **महिला फोरमको कार्य :**

२.१. एनसिसिहरुका महिला संयोजकहरुको महिला फोरममा भूमीका बारे निर्देशिका सम्बन्धि कार्य बारे छलफल भएको थियो ।

२.२ गैरआवासीय नेपाली संघ महिला फोरमका उपसंयोजक रजनी प्रधानको उपस्थितिमा स्पेन र नेदरल्याण्डसमा महिला फोरमको गठन गरियो ।

२.३ ३० मार्चका २०१४ का दिन नेदरल्याण्डसमा एक बैठकको आयोजना गरिएको थियो । यस बैठकमा मुख्यतया नेदरल्याण्डमा महिलाहरुको अवस्था र आगामी जुन ७ मा स्पेनमा हुने सातौं महिला युरोपियन क्षेत्रीय भेलाको बारेमा छलफल गरिएको थियो । यस बैठकमा गैरआवासीय नेपाली संघ महिला फोरमका संयोजक सपीला राजभण्डारी, उपसंयोजक रजनी प्रधान, वेल्जियमका आईसिसि सदस्य जानकी गुरुङ, नेदरल्याण्डका पूर्व आईसिसि सदस्य शारदा बरायली, नेदरल्याण्डका महिला संयोजक शब्बु रिजाल र महीला फोरमका सदस्यहरुको सहभागीता रहेको थियो ।

३. **महिला संयोजकको नेपाल भ्रमण :**

यस अवधिमा गैरआवासीय नेपाली संघ महिला फोरमका संयोजक सपीला राजभण्डारीले आफ्नो नेपाल भ्रमण दौरान विभिन्न सम्बन्धित निकायहरुसंग भेट गर्नु भयो ।

३.१ **वैदेशिक रोजगार विभाग :** नेपाल सरकारको वैदेशिक रोजगार विभागका महानिर्देशक कृष्णहरी पुष्करसंग भेट गर्नु भयो । भेटका अवसरमा मुख्यतया विदेशमा रहेका महिलाहरुको स्थिति र महिला हिंसा बारे छलफल भएको थियो । भविष्यमा यस सम्बन्धि कार्यहरुमा सहकार्य गरी कार्यक्रम संचालन गर्नको लागि एउट प्रस्ताव ल्याउनकोलागि महानिर्देशकले सुझाव दिनुभयो ।

३.२ **स्वास्थ्य विभाग :** यसैगरी महिला संयोजकले स्वास्थ्य विभागका महानिर्देशक संग भेट गर्नु भयो । मुख्यतया महिला फोरमले नेपालका विभिन्न भागमा संचालन गर्न लागेको पाठेघर (आङ) खस्ने समस्या भएका महिलाहरुको परियोजना बारे जानकारी गराउनु भएको थियो । उहाले मार्च १ र २ मा सगरमाथा अंचल सप्तरी जिल्लाको बोधेबरसाइर्नमा महिलाको आङ खस्ने स्वास्थ्य समस्या बारे एक स्वास्थ्य शिविर छनौट कार्यक्रम आयोजना गर्नको लागि अनुमतिका लागि अनुरोध गर्नु भएको थियो । यसमा नेपाल सरकारले सक्दो सहयोग गर्ने र यसका लागि सम्बन्धित क्षेत्रमा सहयोगको लागि निर्देशन दिने बारे महानिर्देशकले जानकारी दिनु भयो ।

यसैगरी संयोजक राजभण्डारीले सगरमाथा अंचल सप्तरी जिल्लाको जनस्वास्थ्य कार्यालय गई त्यहाका प्रमुखसंग भेटघाट गर्नु भयो । जनस्वास्थ्य कार्यालयका प्रमुखले सप्तरी जिल्लाको बोधेबरसाईनमा महिलाहरुको पाठेघर समस्या सम्बन्धि छनौट कार्यक्रमको लागि अनुमती प्रदान गर्नुका साथै आवश्यक सहयोग गर्ने बारे अवगत गराउनु भयो ।

३.३ **वरेक संस्था** : भ्रमणकै शिलशिलामा उहाले (WOREC ) Women's Rehabilitation Center) मा गई त्यहाका पदाधिकारीहरुसंग भेटघाट गर्नु भयो । मुख्यतया बोधेबरसाईनमा आयोजना हुन लागेको महिला स्वास्थ्य शिविर कार्यक्रमका दौरान अभिमुखीकरण कार्यक्रम आयोजना गरिदिन हुनको लागि आग्रह गर्नु भएको थियो । वरेकले यसमा सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो ।

३.४ **GIZ** : उहाले जर्मनको अन्तर्राष्ट्रिय संस्था GIZ मा गएर त्यहांको कार्यक्रम हेर्ने अधिकारीहरुसंग भेट गर्नु भयो । मुख्यतया GIZ ले नेपालमा गरेका परियोजनाहरुबारेमा छलफल भएको थियो ।

३.५ **महिला सभासद :** उहाँले महिला सभासदहरु मा. लक्ष्मी कुमारी चौधरी र पूर्व सभासद पुष्पा भुसालसंग भेट गरी मुख्यतया अब नयां बन्ने संविधानमा महिलाहरुको समस्याहरुलाई पनि संविधानमा संबोधन गर्न पहलको लागि आग्रह गर्नु भयो । यसका लागि महिला फोरमले एउटा प्रस्ताव तयार गरी संविधानसभामा बुझाउने जानकारी दिनु भयो ।

३.६ **डा. रेणुका राजभण्डारी संस्थापक अध्यक्ष Women Rehab Center :** उहाले डा. रेणुका राजभण्डारीसंग भेट गरी विदेशमा नेपालको कला प्रवर्द्धन सम्बन्धि छलफल गर्नु भयो ।

प्रतिवेदन तयार पार्ने :
सपीला राजभण्डारी, महिला संयोजक,
अन्तर्राष्ट्रिय समन्वय परिषद, गैरआवासीय नेपाली संघ ।